नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदवार, काठमाण्डौ

(योजना शाखा)

प.सं.: ०७४।७५ यो

च.नं ३९९

मिति : २०७४।९।२८

बिषय : चालु आ.व. २०७४।७५ को बजेट तथा कार्यक्रम कार्यान्वयन सम्वन्धमा ।

श्री जिल्ला समन्वय समितिको कार्यालय
सवै ।

प्रस्तुत बिषयमा आ.व. २०७४।७५ मा यस मन्त्रालय अन्तर्गत संचालन हुने विभिन्न बजेट उप शिर्षक अन्तर्गतका बजेट तथा कार्यक्रम कार्यान्वयनको सन्दर्भमा यस मन्त्रालयको मिति २०७४।४।२७ को (मा. उपप्रधानमन्त्रीस्तरीय) निर्णयानुसार "आयोजनाको प्रकृति अनुसार तत्काल स्थानीय तहमा हस्तान्तरण गर्न उपयुक्त नहुने आयोजनाहरु, एक भन्दा बढी स्थानीय तहमा संचालन हुने किसिमका ठुला आयोजनाहरु तथा विकास साझेदारहरुसंगको सम्झौता बमोजिम संचालनमा रहेका स्थानीय तहमा तत्काल हस्तान्तरण गर्न नमिल्ने आयोजनाहरु साविकको जिल्ला प्राविधिक कार्यालय मार्फत कार्यान्वयन गर्ने गरी जिल्ला समन्वय समितिको कार्यालयमा अख्तियारी पठाउने । जिल्ला समन्वय समितिको कार्यालयले सोको अख्तियारी जिल्ला प्राविधिक कार्यालयलाई उपलव्ध गराई प्राविधिक कामको सम्पूर्ण जिम्मेवारी र उत्तरदायित्व हस्तान्तरण गर्ने तथा रकमको निकाशा र खर्च प्रकृया एकल खाता कोष प्रणालीबाट हुने गरी व्यवस्था मिलाउने" निर्णय भए बमोजिम तपशिलका बजेट उपशिर्षक नम्वरहरुको जिल्लागत बजेट बाँडफाँड र कार्यक्रम सम्वन्धित जिल्ला समन्वय समितिको कार्यालयको नाममा LMBIS मा प्रविष्टी भैसकेको छ । यसरी LMBIS मा प्रविष्टी भैसकेपछि मन्त्रालयबाट जिल्ला समन्वय समितिको कार्यालयमा छुट्टै अख्तियारी दिईरहनु नपर्ने हुन्छ ।

नेपाल सरकार (म.प.) को मिति २०७४।५।२१ मा स्वीकृत निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम(संचालन कार्यविधि) (दोश्रो संशोधन) नियमावली २०७१ को दफा ९(१) र निर्वाचन क्षेत्र विकास कार्यक्रम (संचालन कार्यविधि) (सातौं संशोधन) नियमावली २०५८ को दफा ७(१) बमोजिम कार्यक्रमको लागि मन्त्रालयले उक्त कार्यक्रम सन्चालन गर्न जिल्ला प्राविधिक कार्यालयलाई रकम खर्च गर्ने अख्तियारी पठाउनु पर्ने व्यवस्था रहेको छ । चालु आ.व.मा LMBIS मा प्रविष्टी हुंदा जिल्ला समन्वय समितिको कार्यालयको नाममा भएको तर उल्लेखित नियमावलीहरुमा जिल्ला प्राविधिक कार्यालयलाई अख्तियारी दिनु पर्ने भएकोले जिल्ला समन्वय समितिको कार्यालयबाट उपर्युक्त नियमावलीहरु बमोजिम जिल्ला प्राविधिक कार्यालयमा अख्तियारी पठाउनु पर्ने व्यवस्था स्पष्ट छ ।

यसै सन्दर्भमा, उल्लिखित आयोजना कार्यक्रमहरुको अख्तियारी कतिपय जिल्ला समन्वय समितिको कार्यालयहरुले हालसम्म पनि सम्वन्धित जिल्ला प्राविधिक कार्यलयहरुमा प्रदान नगरेकाले कार्यक्रम कार्यान्वयन गर्न गराउन कठिनाई भएको भन्ने जानकारी प्राप्त भएकोले पूर्व निर्णय बमोजिम तत्काल जिल्ला प्राविधिक

नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदवार, काठमाण्डौ

(योजना शाखा)

प.सं.: ०७४।७५ यो

च.नं

कार्यालयहरुलाई अख्तियारी प्रदान गरी कार्यक्रम कार्यान्वयन गर्न गराउन निर्देशन दिने भनी नेपाल सरकार (सचिवस्तर) बाट मिति २०७४।९।२८ मा निर्णय भएकोले आवश्यक कार्यार्थ पठाईएको व्यहोरा अनुरोध छ ।

तपशिल

| सि.नं. | कार्यक्रमको नाम | ब.उ.शि.नं. | कैफियत |
|---|---|---|---|
| १ | ग्रामीण पुननिर्माण तथा पुनर्स्थापन कार्यक्रम | ३६५८०६ | |
| २ | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | ३६५८०८ | |
| ३ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | ३६५८०९ | |
| ४ | ग्रामीण पहुँच कार्यक्रम | ३६५८१० | |
| ५ | स्थानीय स्तरका सडक पुल तथा सामुदायिक पहुँच सुधार परियोजना | ३६५८३१ | |
| ६ | सामुदायिक सिंचाई आयोजना | ३६५८३३ | |
| ७ | उन्नती समावेशी आर्थिक विकास कार्यक्रम नेपाल | ३६५८४१ | |
| ८ | राष्ट्रिय ग्रामीण यातायात सुदृढीकरण कार्यक्रम | ३६५८४२ | |
| ९ | निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम र निर्वाचन क्षेत्र विकास कार्यक्रम | ३६५८५० | |

२०७४।९।२८

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थः-

श्री स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग

पुल्चोक, ललितपुर ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सबै ।

श्री जिल्ला प्राविधिक कार्यालय, सबै ।

श्री सूचना तथा विधुतीय शासन शाखाः उक्त पत्र Website मा राखिदिनु हुन ।